प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

# सामाजिक विकास मन्त्रालय

इमेल: mosdkailali07@gmail.com
टोल फ्रि नं. १६६०९१५५५६३
फोन नं. ०९१-५२४५६३(प्रशासन)
५२६५०४(लेखा)
५२६०५८(स्वास्थ्य)
५२५२२०(उच्च शिक्षा)
५२४९३१(युवा तथा खेलकुद)
एक्सटेन्सन नं. ५२५००९
फ्याक्स नं. ०९१-५२७१६८

कैलाली, नेपाल

मिति: २०७८।१२।१४

**विषय: संस्कृति संरक्षणका लागि अनुदान माग सम्बन्धी सूचना !**

यस मन्त्रालयको चालु आ.व. २०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार संस्कृति संरक्षणका क्षेत्रमा कार्यरत गैरनाफामूलक संघसंस्था तथा समितिहरूलाई स्थानीय पर्वहरूको माध्यमबाट संस्कृतिको संरक्षण र सम्बर्द्धन सम्बन्धी कार्यको लागि **एक जिल्ला एक पर्व** हुने गरी अनुदान प्रदान गर्ने कार्यक्रम रहेकोले यस मन्त्रालयबाट स्वीकृत **"संस्कृति संरक्षणका लागि अनुदान सम्बन्धी कार्यविधि, २०७८"** अनुसार अनुदान माग गर्न चाहने प्रदेश भित्रका संघसंस्था तथा समितिहरूले देहाय अनुसारका कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस मन्त्रालयमा प्रस्ताव पेश गर्न सूचित गरिन्छ ।

पेश गर्नु पर्ने कागजातहरू

१. संस्कृति संरक्षणका लागि अनुदान सम्बन्धी कार्यविधि,२०७८ को अनुसूचि-१ बमोजिमको ढाँचामा तयार गरिएको प्रस्ताव

२. क. संघसंस्थाको हकमा:

- संघसंस्था नियमानुसार दर्ता भएको निस्सा,
- प्रचलित कानून बमोजिम कर चुक्ता र नवीकरण गरेको निस्सा,
- संस्कृति संरक्षण तथा प्रवर्द्धनका क्षेत्रमा कम्तिमा पनि विगत एक वर्ष देखी काम गरेको पुष्ट्याई सहितको विवरण,
- संघसंस्थाको नाममा खोलिएको बैंकखाता सम्बन्धी विवरण,

ख. समूह तथा समितिको हकमा:

- समूह तथा समिति गठन गरेको निर्णयको प्रतिलिपि,
- समूह तथा समिति गठन भएको सम्बन्धमा सम्बन्धित वडा कार्यालय वा स्थानीय तहको सिफारिस,
- समूह तथा समितिका अध्यक्ष तथा सदस्य-सचिवको नागरिकताको प्रतिलिपि,
- समितिको नाममा खोलिएको बैंकखाता सम्बन्धी विवरण,
- संस्कृति संरक्षण र प्रवर्द्धनको क्षेत्रमा कम्तिमा पनि विगत एक वर्ष देखी काम गरी रहेको स्थानीय तह वा वडाको सिफ

२०७८।१२।१४

लोकेन्द्र प्रसाद भट्ट

शाखा अधिकृत



Scanned by TapScanner